apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




निर्वाचनमा जित्नेको भन्दा हार्नेको खर्च धेरै !

समाचार पृष्ठ ४

● वर्षः १२ ● अंकः १५८ ● पृष्ठः ४ ● ११ असार २०८३ विहीबार (25 June 2026. Thursday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## मधेशमा आँपको उत्पादन घट्यो



अपन दैनिक संवाददाता
सिरहा, असार १० गते

मधेश प्रदेशमा आँपखेती गर्ने जमिनको को क्षेत्रफल बढे पनि उत्पादन घटेको छ।

यस वर्ष हावाहुरी र रोग-कीराको प्रकोपका कारण यस वर्ष उत्पादन घटेको कृषि विज्ञ दिनेश यादवले बताए।

किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैंचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि उत्पादनमा हावाहुरीले क्षति पुर्याएपछि किसान भने चिन्तित छन्।

कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँपखेती गरिएको छ।

उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत नौ दशमलव चार मेट्रिक टन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको बागवानी अधिकृत किरण विश्वकर्माले जानकारी दिए।

अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिक टन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो।

तुलनात्मक रुपमा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ।

निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिक टन र सबैभन्दा कम सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ।

जिल्लागत रूपमा सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन, सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको छ।

त्यसैगरी, सर्लाहीमा दुई हजार १०० हेक्टरबाट १३ हजार २० मेट्रिक टन, महोत्तरीमा तीन हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा तीन हजार ३२५ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा एक हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट पाँच हजार ९६३ मेट्रिक टन आँप

बाँकी पृष्ठ ३ ▸▸

## मासिक तलब निकासा नहुँदा शिक्षक मर्कामा




अपन दैनिक संवाददाता
सिरहा, असार १० गते

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूले मासिक रूपमा तलब निकासा गर्न माग गरेका छन् । समयमा तलब नपाउँदा आर्थिक तथा मानसिक तनाव बढ्दै गएको उनीहरूको गुनासो छ।

लहान नगरपालिका-१८ स्थित श्री राजाजी जनता माध्यमिक विद्यालयका शिक्षक इन्द्रदेव चौधरीले अन्य सरकारी कर्मचारीले मासिक रूपमा तलब पाइरहे पनि शिक्षकले अझै चौमासिक रूपमा तलब बुझ्नुपर्दा दैनिक घरखर्च व्यवस्थापन गर्न कठिन भइरहेको बताए।

"बैंकको ऋण तिर्न, किराना पसलको उधारो चुक्ता गर्न तथा छोराछोरीको विद्यालय शुल्क, घरभाडालगायतका खर्च व्यवस्थापन गर्न समस्या भइरहेको छ," उनले भने, "समयमै तलब नपाउँदा शिक्षकहरू आर्थिक र मानसिक दबाबमा परेका छन्।"

अर्का शिक्षक हरिनाथ यादवका अनुसार चौमासिक तलब प्रणालीले शिक्षकहरूलाई थप तनावमा पारेको छ । "कक्षा सञ्चालन गरिरहँदा बैंकबाट किस्ता तिर्ने समयबारे पटक-पटक फोन आउँछ। तलब आएपछि तिर्छु भन्नुपर्छ। शिक्षकको तलब चार-चार महिनामा निकासा

बाँकी पृष्ठ ४ ▸▸

## मधेशमा पोषण सामग्री खरिदः ७ करोडको टेन्डरमा स्वास्थ्य मन्त्रालय र निर्देशनालयबीच लफडा




अपन दैनिक संवाददाता
जनकपुरधाम, असार १० गते

मधेशको स्वास्थ्य निर्देशनालयले जेठ ७ गते ७ करोड रुपैयाँको पोषण सामग्री खरिद गर्न टेन्डर निकाल्यो। टेन्डर प्रक्रियाअन्तर्गत परेको प्राविधिक प्रस्ताव पनि खुल्यो। तर यसबीचमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले उक्त टेन्डर नै रद्द गर्न निर्देशन दियो। निर्देशनालयले भने मन्त्रालयको निर्देशन नमानी खरिद प्रक्रिया जारी राखेको छ।

मधेश प्रदेश सरकारबाट जनमत पार्टीका अर्थमन्त्री महेशप्रसाद यादवले जाँदाजाँदै पोषणमा थप ९ करोड रुपैयाँ निर्देशनालयमा रकमान्तर गरेका थिए । सो रकमबाट बालबालिका, गर्भवती तथा सुत्केरीको लागि 'खानको लागि तयार पोषणयुक्त खानाको खरिद र आपूर्ति' गर्न जेठ पहिलो साता बोलपत्र आह्वान गरिएको थियो।

मन्त्रालयले महालेखा परीक्षकको प्रतिवेदनअनुसार विगतमा पनि उक्त कार्यक्रमले औचित्य पुष्टि गर्न नसकेको तथा खरिद प्रक्रियाबारे विभिन्न गुनासो आएकोले गत जेठ २९ गते निर्देशनालयलाई पत्राचार गर्दै उक्त खरिद प्रक्रिया रद्द गर्न निर्देशन दिएको थियो।

'...२०८१/०८२ को महालेखा प्रतिवेदनमा समेत विगतमा सञ्चालन भएको यस्तै कार्यक्रमको सम्बन्धमा स्पष्ट औचित्य र पुष्टियाइँ देखिन नआएको उल्लेख गरी सचेत गराइएको बेहोरासमेत सम्बोधन गर्नु पर्ने हुँदा

बाँकी पृष्ठ ३ ▸▸

## प्रदेश सभा खारेज गर्ने रास्वपा प्रस्तावमा सिके राउत नेतृत्वको जनमत पार्टीको विरोध

प्रधानमन्त्री बालेनलाई लक्ष्य गर्दै भने- भोट माग्ने बेला प्रदेश बलियो बनाउने भन्ने अहिले खारेजको प्रस्ताव ?

अपन दैनिक संवाददाता
सिरहा, असार १० गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उपसभापतिसमेत रहेका अर्थमन्त्री स्वर्णिम वाग्लेले प्रदेशसभा खारेजी र स्थानीय तह एकतिहाइ कटौती गरी संघीय संरचनामा व्यापक फेरबदल गर्ने प्रस्ताव पार्टीको प्रथम महाधिवेशन बन्द सत्रमा राखेपछि त्यसलाई लिएर जनमत पार्टीले विरोध गरेको छ।

सिके राउत नेतृत्वको जनमत पार्टीले रास्वपाको महाधिवेशन बन्दसत्रमा वाग्लेले पेस गरेको अर्थ-राजनीतिक प्रतिवेदनमा गरिएको प्रदेश सभा खारेजी प्रस्तावको विरोध गरेको हो।



'सबै पार्टीले आ-आफ्नो राजनीतिक एजेन्डा लिन स्वतन्त्र छन्, कसैले राजतन्त्रको पुनर्स्थापनालाई लिएका छन् भने कसैले प्रदेशको खारेजी । त्यसैले अरू पार्टीले के एजेन्डा बोक्छन् त्यो पार्टीको आन्तरिक कुरा होला । त्यसैगरी कुनै पार्टीले 'प्रदेश सभा' खारेजीको एजेन्डा राख्नेबित्तिकै प्रदेश सभा खारेज हुने होइन, किनकि अहिलेको सरकारबाट संविधान संशोधन हुन सक्दैन, त्यसैले कोही तुरून्तै आत्तिहाल्नु पर्ने अवस्था चाहिँ होइन,' अध्यक्ष राउतले सचिवालयमार्फत् धारणा सार्वजनिक गरेका छन्, 'तर यति भन्न सक्छौं कि पहिला जे भए पनि रास्वपाले प्रथम महाधिवेशनबाट

बाँकी पृष्ठ ४ ▸▸

## मधेशका अर्थमन्त्री भट्टराईको गाडीमा तोडफोड



अपन दैनिक संवाददाता
सिरहा, असार १० गते

मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराई चढ्ने सरकारी गाडीमा तोडफोड गरिएको छ।

बुधबार बिहान मधेश भवनस्थित मन्त्रालय अगाडि पार्किङ गरी राखिएको ज १ झ ४४१ नम्बरको सरकारी गाडीमा अज्ञात व्यक्तिले

बाँकी पृष्ठ २ ▸▸



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सलहेश दरबार क्षेत्रमा गुणस्तरीय निर्माण गर

सिरहा सदरमुकामस्थित लोक आस्था, संस्कृति र इतिहाससँग गाँसिएको सलहेश दरबार क्षेत्र धार्मिक तथा पर्यटकीय महत्वको स्थल हो। यो स्थल मधेशको पहिचान बोकेको एक महत्वपूर्ण सम्पदा पनि हो। यस्ता ऐतिहासिक तथा सांस्कृतिक स्थलहरूको संरक्षण, सौन्दर्यीकरण र पूर्वाधार विकास राज्यको प्रमुख दायित्वमा पर्छ। सलहेश दरबार मुख्यद्वार तथा आसपास क्षेत्रमा आरसीसी सडक र नाला निर्माण कार्य सुरु भएको छ। तर विकासको नाममा गुणस्तरहीन निर्माण हुनु भने कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन। १ करोड ३३ लाख १७ हजार ४२८ रुपैयाँको लागतमा निर्माणाधीन उक्त योजनामा सुरुवाती चरणमै कमसल काम भइरहेको भन्दै स्थानीयवासीले विरोध जनाउनु गम्भीर विषय हो। जनप्रतिनिधि, प्राविधिक निकाय र निर्माण कम्पनी सबैले यस घटनालाई सामान्य रूपमा लिनु हुँदैन। विकास निर्माणमा स्थानीय समुदायको चासो र निगरानी लोकतान्त्रिक अभ्यासको महत्वपूर्ण पक्ष हो। स्थानीयवासीले उठाएको प्रश्नमा निष्पक्ष छानबिन हुन आवश्यक छ।

निर्माण कम्पनीले सम्झौता अनुसारको मापदण्ड, गुणस्तर र प्राविधिक निर्देशिका पालना गर्नुपर्छ। ऐतिहासिक क्षेत्रको मुख्य प्रवेश मार्ग र परिसरमा निर्माण हुने सडक तथा नाला छोटो समयको लागि मात्र होईन, आगामी दशकौंसम्म उपयोगी हुने गरी बनाइनुपर्छ। निर्माण सम्पन्न हुनुअघि नै गुणस्तरमाथि प्रश्न उठ्नु सम्बन्धित पक्षहरूको जिम्मेवारीप्रति उदासीनताको संकेत हुन सक्छ। नेपालमा विकास निर्माणका धेरै आयोजना निर्माण सम्पन्न भएको केही समयमै भत्किने, चर्किने वा प्रयोगयोग्य नरहने उदाहरण प्रशस्त छन्। यसको मुख्य कारण निर्माण सामग्रीको गुणस्तरमा लापरवाही, प्राविधिक मापदण्डको उल्लंघन तथा प्रभावकारी अनुगमनको अभाव हो। सलहेश दरबार परिसरमा पनि यस्तै प्रवृत्ति दोहोरिन दिनु हुँदैन। सार्वजनिक धनको दुरुपयोग मात्र होइन, यसले ऐतिहासिक क्षेत्रको गरिमा र सौन्दर्यलाई समेत क्षति पुऱ्याउन सक्छ।

सिरहा नगरपालिका यस आयोजनाको प्रमुख जिम्मेवार निकाय भएकाले उसले तत्काल निर्माणस्थलको स्थलगत निरीक्षण गर्नुपर्छ। प्राविधिक टोलीले प्रयोग भएका सामग्री, निर्माण प्रक्रिया तथा कार्यको गुणस्तरको परीक्षण गरी वास्तविक अवस्था सार्वजनिक गर्न आवश्यक छ। यदि निर्माण कम्पनीबाट कमजोरी भएको पुष्टि हुन्छ भने सुधारका लागि स्पष्ट निर्देशन दिनुका साथै आवश्यक परे कानुनी कारबाहीको प्रक्रिया पनि अघि बढाउनुपर्छ। विकास निर्माणमा पारदर्शिता, जवाफदेहिता र गुणस्तर सुनिश्चित गर्न नियमित अनुगमन अपरिहार्य हुन्छ। जनताको करबाट सञ्चालित योजनामा जनताकै विश्वास कायम राख्न पनि गुणस्तरीय काम हुनुपर्छ। सलहेश दरबार परिसरको निर्माण कार्य दिगो, सुरक्षित र मापदण्ड अनुसार सम्पन्न गरिनुपर्छ। त्यसैले सलहेश दरबार जस्तो ऐतिहासिक तथा आस्थाको केन्द्रमा हुने विकास निर्माण समान्य योजना होइन। यहाँ हुने प्रत्येक कामले यस क्षेत्रको छवि, पर्यटन सम्भावना र सांस्कृतिक महत्वसँग प्रत्यक्ष सम्बन्ध राख्छ। त्यसैले निर्माण कम्पनी, नगरपालिका र प्राविधिक निकाय सबैले आफ्नो जिम्मेवारी गम्भीरतापूर्वक निर्वाह गर्दै गुणस्तरमा कुनै सम्झौता नगर्ने प्रतिबद्धता देखाउनुपर्छ।

### मधेशका अर्थमन्त्री भट्टराईको गाडीमा ..........


तोडफोड गरेको हो। गाडीमा राखिएको मन्त्रीको झण्डा भाँचेर फालिएको बताइएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक तथा निमित्त प्रवक्ता मनोज यादवका अनुसार बिहान करिब ११ बजेतिर उक्त घटना भएको हो। घटनाबारे जानकारी प्राप्त भएपछि प्रहरीले अनुसन्धान सुरु गरेको छ।

प्रहरीले तोडफोडमा संलग्न व्यक्तिको पहिचान गर्ने प्रयास भइरहेको जनाएको छ। घटनाको कारण भने खुल्न सकेको छैन। मन्त्री भट्टराई स्वयं गाडीमा नभएको बेला घटना भएको बताइएको छ।

घटनापछि मन्त्रालय परिसरको सुरक्षा व्यवस्थाबारे समेत प्रश्न उठ्न थालेको छ। प्रहरीले घटनास्थल आसपासका सीसीटीभी फुटेज अध्ययन गरी संलग्न व्यक्तिको खोजी गरिरहेको जनाएको छ।

# रास्वपाले भनेजस्तो ‘प्रदेशविहीन संघीयता’ कति सम्भव ?




✍ **डाकमान राई**

संविधानमा व्यवस्था भएबमोजिम नेपाल तीन तहको सरकारसहित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमा अघि बढेको एक दशक पुग्न लाग्यो।

अहिले संघीय, सातवटा प्रदेश र ७५३ स्थानीय तह गरी देशमा तीन तहका सरकार सञ्चालनमा छन्।

केन्द्रीय र स्थानीय निकायको रूपमा दुई तहको सरकारको अभ्यास पहिल्यै भइसकेकाले नयाँ संविधानले परिकल्पना गरेको संघीयताको मियो ‘प्रदेश संरचना’ हो। त्यसैले तीन तहको सरकारबीचको सम्बन्ध सेतुका रूपमा रहेको प्रदेशमाथि नै जनतामाझ संघीयताको औचित्य पुष्टि गर्नुपर्ने चुनौती थियो।

यी तीन तहको सरकारमध्ये सबैभन्दा धेरै बदनाम र प्रश्नैप्रश्नले प्रदेश नै जेलिँदै गयो। फलतः अहिले आएर ‘प्रदेश संरचना खारेजी’लाई सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले आफ्नो राजनीतिक एजेन्डाकै रूपमा अघि सारेको छ। चितवनमा जारी पार्टीको प्रथम महाधिवेशनबाट यसलाई औपचारिक रूपमै रास्वपाले राजनीतिक लाइनका रूपमा प्रस्ताव गरेको हो।

यसअघि ‘आर्थिक भार कम हुनेगरी पुनर्संरचना’ भन्दै आएको रास्वपा अहिले पूर्ण खारेजीकै पक्षमा उभिएको हो। महाधिवेशनको बन्दसत्रमा अर्थमन्त्रीसमेत रहेका उपसभापति डा. स्वर्णिम वाग्लेले प्रस्तुत गरेको अर्थ-राजनीतिक प्रस्तावमा प्रदेशसभा खारेजीको विषय उल्लेख छ।

प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीय प्रणालीदेखि स्थानीय तहको संख्या घटाउने एजेन्डा पनि वाग्लेको प्रस्तावमा समेटिएका छन्। ‘हाम्रो संख्या र सामर्थ्य पुगेको दिन वर्तमान संविधानको परिमार्जन गर्नेछौं’, उनले भनेका छन्, ‘प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, सांसद मन्त्री नबन्ने प्रणाली, दलविहीन स्थानीय तह, प्रदेशसभाको खारेजीसहितको संघीयताको पुनर्संरचना एजेण्डालाई रास्वपाले बहसका लागि प्रवेश गराइसकेको छ।’

गत २१ फागुनको प्रतिनिधिसभा चुनावअघि भने रास्वपा प्रदेश संरचना खारेजीको पक्षमा थिएन। उसले आफ्नो वाचापत्रमा ‘सुधारिएको प्रादेशिक स्वरूप’ भनेको थियो।

वाचापत्रको १० नम्बर बुँदामा भनिएको छ, ‘संविधान संशोधन प्रस्तावमा रास्वपाको तर्फबाट प्रारम्भिक छलफलका लागि पेश हुने विषयमा निम्न अवधारणा न्यूनतम पर्नेछन्: प्रत्यक्ष निर्वाचित कार्यकारी, पूर्ण समानुपातिक संसद्, सांसद मन्त्री नहुने व्यवस्था, गैरदलीय स्थानीय सरकार र सुधारिएको प्रादेशिक स्वरूप।’

त्यसो त निर्वाचनताका रास्वपाका नेताहरूले विशेषगरी मधेश प्रदेशमा संघीयता विरोधी छवि तोड्ने प्रयास गरेका थिए। संघीयताप्रति आफ्नो प्रतिबद्धतामाथि शंका नगर्न आग्रह गर्दै उनीहरूले व्यवस्था सुधारको कुरा गरेका थिए।

चुनावअघि जनकपुरमा आयोजित सभामा कार्यक्रममा वर्तमान प्रधानमन्त्रीसमते रहेका रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहले संघीयतालाई अझ बलियो बनाउने धारणा व्यक्त गरेका थिए। तर अहिले दुईतिहाइ नजिकको बहुमत पाएर सरकार गठनपछि भने औपचारिक रूपमै रास्वपाले युटर्न लिएको हो।

**किन उठ्यो प्रश्न ?**

प्रदेश संरचनाको सन्दर्भमा विभिन्न कारणले प्रश्न उठ्ने गरेका छन्। प्रशासनिक खर्च बढेको आरोप प्रमुख कारणमध्येको एक हो।

प्रदेश सरकार स्थापना भएपछि मुख्यमन्त्री, मन्त्री, प्रदेशसभा, कर्मचारी संरचना आदिका लागि ठूलो बजेट खर्च हुने गरेको भन्दै आलोचना हुने गरेको छ। कतिपयले प्रदेशले अपेक्षित परिणाम नदिई खर्च मात्र बढाएको तर्क गर्छन्।

अधिकारको अस्पष्टता र दोहोरोपना पनि अर्को विषय हो। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँड गरे पनि व्यवहारमा धेरै विषयमा अधिकारको स्पष्ट कार्यान्वयन हुन सकेको छैन। यसले संघ र प्रदेशबीच विवाद तथा अन्योल सिर्जना गरेको छ।

सेवा प्रवाहमा अपेक्षित सुधार नदेखिनाले पनि प्रदेश संरचनामाथिको आवाज बलियो बनाएको देखिन्छ। संघीयता लागू हुँदा नागरिकले सरकारी सेवा छिटो, सहज र प्रभावकारी पाउने अपेक्षा गरेका थिए तर धेरै नागरिकले प्रदेश सरकारको अनुभूति गर्न नसक्को गुनासो गर्छन्।

राजनीतिक दलहरूले प्रदेश संरचनालाई कार्यकर्ता व्यवस्थापन गर्ने थलो बनाएको अर्को प्रमुख प्रश्न हो। प्रदेश संरचनाले जनताभन्दा राजनीतिक दल र नेताहरूलाई व्यवस्थापन गर्ने थप तह सिर्जना गरेको बुझाइ छ। यसले प्रदेशको औचित्यमाथि प्रश्न उठाएको देखिन्छ।

प्रदेशको नाम र पहिचान सम्बन्धी विवाद पनि प्रदेश संरचनामाथि प्रश्न उठाउने अर्को कारक हो। संघीयता निर्माणको क्रममा पहिचान, भाषा, संस्कृति र भूगोलका आधारमा प्रदेश बनाउने विषयमा मतभेद थिए। त्यो मतभेद पछि नामकरणका क्रममा पनि देखिए। अझै पनि केही समुदाय आफ्नो पहिचान पर्याप्त रूपमा सम्बोधन नभएको भन्दै सन्तुष्ट छैनन्।

अर्कोतर्फ संघीयताले शक्ति विकेन्द्रीकरण, स्थानीय आवश्यकता अनुसार नीति निर्माण, समावेशी प्रतिनिधित्व र क्षेत्रीय विकासलाई प्रोत्साहन गरेको छ। संघीयता पक्षधरहरू समस्या अवधारणामा नभई कार्यान्वयनमा रहेकाले त्यसमै जोड दिनुपर्ने बताउँदै आएका छन्।

**विज्ञ भन्छन्– खारेजीकै निष्कर्षमा पुगिहाल्ने वेला होइन**

प्रदेशलाई अधिकारसम्पन्न नबनाई खारेज गर्ने निष्कर्षमा पुग्न नहुने विज्ञहरू बताउँछन्। संघीयताविद् डा. रुद्र शर्मा सिधै खारेजीभन्दा पनि प्रदेशहरूले किन डेलिभरी दिन सकेनन् वा कहाँ चुके भन्ने विषयतर्फ चाहिँ बहस केन्द्रित हुनुपर्ने बताउँछन्। प्रदेशविनाको संघीयता व्यावहारिक नहुने उनको तर्क छ।

‘केन्द्र र स्थानीय तहका मात्रै संघीयता हुनै नहुने भन्ने त होइन तर त्यो त्यत्ति व्यावहारिक हुँदैन’, उनी भन्छन्, ‘संघीयताको असली रूप प्रदेश नै हो। त्यसैले खारेजभन्दा पनि त्यसले डेलिभरी दिन नसकेको विषयतर्फ बहस केन्द्रित हुनुपर्ने हो।’

संघीयताविद् डा. शर्माका अनुसार संघीयता केवल प्रशासनिक पुनर्संरचना थिएन। मधेश आन्दोलन, जनजाति तथा क्षेत्रीय पहिचान र अधिकारका मागको राजनीतिक सम्बोधन पनि थियो। त्यसो हुँदा संघीयतालाई अधिकारको उपलब्धिका रूपमा हेर्नेहरू पनि प्रदेश संरचना खारेजी स्वीकार्य नहुने बुझाइ उनको छ।

उनी थप्छन्, ‘त्यति मात्रै होइन, त्यसबाहेक संघीयतासहितको संविधान आउँदै गर्दाको अवस्था तराईमा आगो लागिरहको थियो। देश एउटै रहन्छ कि टुक्रिन्छ भन्ने ठूलो त्रास थियो। त्यसबीच पनि देशलाई जोगाएर, एक ढिक्का बनाएर राख्ने एउटा असल संयन्त्रका रूपमा संघीयता आयो। डेलिभरी दिन सकेन होला अलग कुरा हो तर विवाद समाधन त गऱ्यो।’

संघीयतालाई विकास र सुशासनको जगका रूपमा बुझ्नेहरू धेरै रहेका डा. शर्मा बताउँछन्। ‘संघीयतालाई मान्छेले विकास र सुशासनको योजनाका रूपमा हेरेका छन्’, उनी भन्छन्, ‘त्यसो भन्दैमा फेरि संघीयता जोगाउनेहरू, पदमा बस्नेहरूले पनि प्रदेश संरचनाको औचित्य पुष्टि गर्ने गरी डेलिभरी दिनेतर्फ केन्द्रित हुनुपऱ्यो।’

अर्का संघीयताविद् डा. खिमलाल देवकोटा पनि संसारमा कुनै पनि शासन व्यवस्था आफैँमा पूर्ण नहुने हुँदा त्यसलाई सुधार गर्दै लैजानुपर्नेमा जोड दिन्छन्। दशक बढी राज्यसत्ता सम्हालेका दलहरूका बेवास्ताले अहिले प्रदेश निशानामा परे पनि संघीयताको मर्म नै प्रदेश भएको उनी बताउँछन्।

‘संघीयताप्रति, प्रदेशप्रति निराशा छ नै। यसको दोष नेताहरूलाई नै जान्छ’, उनी भन्छन्, ‘तर यसो भन्दैमा प्रदेशविना स्थानीय तह र संघ मात्र भयो भने पनि संघीयताको मर्म नै रहँदैन। दुई तह त पहिला पनि थियो नि ! त्यसरी दुईवटाले मात्रै समाधान दिने हो भने यो मुलुकमा गणतन्त्र र संघीयताका लागि किन आन्दोलन भयो भनेर बुझ्नुपऱ्यो नि ! त्यसकारण यसलाई सुधार गरेर लैजानुको विकल्प छैन।’

पूर्वराष्ट्रियसभा सदस्यसमेत रहेका डा. देवकोटा नेतृत्वको एक समितिले तत्कालीन अवस्थामा संघीयता बलियो बनाउन विभिन्न सुझाव दिएको थियो। सिंहदरबारमा कर्मचारी कटौती गर्न, मन्त्रालयको संख्या घटाउन, विभागको संख्या घटाउन, प्रदेशमा पनि मन्त्रालय र मन्त्रीको संख्या घटाउन, सुशासनमा ध्यान दिन, अन्तर तहसम्बन्धी कार्यसंस्थालाई क्रियाशील

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष** : व्यापार-व्यवसायमा नयाँ अवसरहरू मिल्नेछन्। जीवनसाथी वा साझेदारको सहयोगले रोकिएका कामहरू पुरा हुनेछन्।
**बृष** : शत्रुहरू परास्त हुनेछन् र पुराना ऋणहरूबाट मुक्ति मिल्ने सम्भावना छ।
**मिथुन** : बौद्धिक कार्य र रचनात्मक क्षेत्रमा सफलता मिल्नेछ। विद्यार्थीहरूका लागि दिन राम्रो रहनेछ।
**कर्कट** : पारिवारिक सुख-सुविधामा वृद्धि हुनेछ, तर आमाको स्वास्थ्यलाई लिएर केही चिन्ता बढ्न सक्छ।
**सिंह** : तपाईंको पराक्रम र आत्मविश्वासमा वृद्धि हुनेछ। छोटो दुरीको फलदायी यात्रा हुन सक्छ।
**कन्या** : आर्थिक पक्ष बलियो रहनेछ र धन सञ्चय गर्न सफलता मिल्नेछ।
**तुला** : चन्द्रमाको प्रभावले तपाईंको व्यक्तित्वमा निखार आउनेछ। मानसिक रूपमा शान्ति र प्रसन्नता महसुस गर्नुहुनेछ।
**वृश्चिक** : खर्चमा अचानक वृद्धि हुनाले बजेट बिग्रिन सक्छ। अनावश्यक वादविवाद र अदालती मामिलाबाट टाढै रहनुहोला।
**धनु** : आयका नयाँ स्रोतहरू फेला पर्नेछन् र पुराना लगानीबाट राम्रो नाफा मिल्नेछ।
**मकर** : कार्यक्षेत्र र करियरका लागि दिन अत्यन्तै शुभ रहनेछ। नयाँ जिम्मेवारी वा पदोन्नतिको सम्भावना देखिन्छ।
**कुम्भ** : भाग्यले पूर्ण साथ दिनेछ। धार्मिक र आध्यात्मिक कार्यहरूमा रुचि बढ्नेछ।
**मीन** : स्वास्थ्यमा केही उतारचढाव आउन सक्छ, त्यसैले स्वास्थ्यको विशेष ख्याल राख्नुहोला।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**
**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**

# मधेश प्रदेशका निलम्बित सांसद शर्माको ४९ औँ पेशी पनि स्थगित




अपन दैनिक संवाददाता
जनकपुरधाम, असार १० गते

मधेश प्रदेशसभाका निलम्बित सांसद अभिराम शर्माको ४९ औं पेशी स्थगित भएको छ। न्यायाधीशद्वय कैलाशप्रसाद सुवेदी र कृष्णप्रसाद सुवेदीको संयुक्त इजलासमा निलम्बित सांसद शर्मासहितका पेशी तोकिएकोमा शर्माको कानुन व्यवसायीको तर्फबाट पेशी स्थगित गरिएको हो।

मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थमन विकको हत्या प्रकरणमा महोत्तरी जिल्ला अदालतले तत्कालिन लोकतान्त्रिक समाजवादी पार्टी नेपालका मधेश प्रदेशसभा सदस्य शर्मासहित प्रदीप साह, संजयकुमार साह, मोहन ठाकुर, धर्मेन्द्र राय, शंकर शाही भनिने राम शंकर शाही र सुरेश पाण्डेलाई जन्म कैदको सजाय सुनाएको थियो।

२०८० मंसिर २८ गते न्यायाधीश उद्धवप्रसाद भट्टराईको इजलाशले सुनाएको फैसला विरुद्ध शर्माका बुवा महेन्द्र शर्माले २०८१ बैशाख ९ गते, मिश्रको हकमा उनको श्रीमती संगीता कुमारी शर्मा, पाण्डेको हकमा उनको छोरी प्रियंका पाण्डे र धर्मेन्द्र रायको हकमा उनका दाजु अरविन्द कुमार रायले उच्च अदालतमा निवेदन दिएका थिए। तर अढाई वर्षको अवधिमा ४९ वटा पेशी तोकिएतापनि अधिकांश पेशी स्थगित भएको हो।

उच्च अदालतको तथ्यांक अनुसार शर्माको मुद्दामा २८ वटा पेशी विभिन्न कारण देखाउँदै स्थगित गरिएको छ। यस्तै, ११ वटा पेशीमा विभिन्न आदेश आएको छ भने ६ वटा पेशी हेर्न नभ्याइनेमा परेको थियो। २ वटा पेशी हेर्दाहेर्दैमा परेको थियो भने २ वटा पेशीमा बकपत्र भएको थियो।

बुधबारको पेशी निवेदकको कानुन व्यवसायीको तर्फबाट स्थगित गरिएको छ भने यसअघि असार ३ गते हेर्न नभ्याइनेमा परेको थियो। जेठ २७ गतेको पेशीमा अर्को पेशी तोक्ने आदेश भएको थियो भने त्यसअघि जेठ २० गते लगाउको कारणबाट पेशी स्थगित भएको थियो। यस्तै, जेठ १३ गतेको पेशी पनि लगाउको कारणबाट स्थगित भएको थियो भने जेठ ६ गतेको पेशी निवेदकको कानुन व्यवसायीबाट स्थगित गरिएको थियो।

निलम्बित सांसद शर्मालगायतको मुद्दा लगाउको कारणबाट, पुनरावेदकको कानुन व्यवसायी, प्रत्यर्थीको कानुन व्यवसायीबाट, निवेदकको कानुन व्यवसायीका कारण स्थगित हुँदै आएको छ। विभिन्न ७ वटा मुद्दा एकै साथ राखेर पेशी तोकिने गरेको छ।

## मधेशमा पोषण सामग्री खरिदः ७ करोडको टेन्डरमा ............

उक्त आह्वान गरिएको बोलपत्र सम्बन्धमा विस्तृत अध्ययन गर्न केही समय लाग्ने देखिएको तर चालु आवभित्रै अध्ययन अनुसन्धान गरी बोलपत्रको निरन्तरता दिई खरिद कार्य गर्न समय अभाव हुने देखिएकोले उक्त खरिद कार्यलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा १ (ग) बमोजिम रद्द गर्न यस मन्त्रालयको मिति २०८३/०२/२९ गतेको निर्णयानुसार निर्देशनालयमा निर्देशन पठाइएको बेहोरा निर्णयानुसार अनुरोध छ,' मन्त्रालयले पठाएको पत्रमा उल्लेख छ।

मन्त्रालयका वरिष्ठ उपसचिव राजेश मिश्रको हस्ताक्षरमा निर्देशनसहितको उक्त पत्र पठाइएको थियो।

तर, मन्त्रालयको निर्देशनपछि पनि निर्देशनालयले असार ४ गते बोलपत्रको आर्थिक प्रस्ताव खोल्नेसम्बन्धी सूचना प्रकाशित गरेको छ। सूचनाअनुसार सोही बोलपत्रअन्तर्गत प्राविधिक प्रस्तावबाट छनोट भएका नेपाल स्वास्थ्य फुड इन्डस्ट्रिज प्रालि र एटीएच एन्ड विराट एग्रो सप्लायर्सको आर्थिक प्रस्ताव असार १० गते खोल्ने कार्यक्रम तय गरिएको छ। पोषण सामग्री खरिद प्रक्रियामा मन्त्रालय र निर्देशनालयबीच मतान्तर देखिएको छ।

निर्देशनालयका निर्देशक सरोज न्यौपानेले १३६ वटै पालिकाबाट प्राप्त पोषणसम्बन्धी सामग्री मागको आधारमा मन्त्रालयले खरिद प्रक्रिया अघि बढाएको बताए।

'प्रदेशको १३६ वटै पालिकाबाट हामीले पत्रमार्फत आवश्यकता अनुसारको पोषण सामग्री माग गर्न भनेका थियौं। पत्रको निड बेसलाई आधार मानेर खरिद प्रक्रिया अघि बढाएको हो,' उनले भने।

मन्त्रालयको निर्देशन अवज्ञा गर्न खोजिएको प्रश्नमा उनले त्यसो गर्न नखोजेको दाबी गरे।

यता, स्वास्थ्य तथा जनसंख्या मन्त्री नागेन्द्र साहले निर्देशनालयले आफ्नो मन्त्रालयको निर्देशन अवज्ञा गरेकोबारे जानकारी नभएको प्रतिक्रिया दिए।

'अवज्ञा गर्न खोजेको मलाई थाहा छैन। यदि त्यसो हो भने नेपालकै नौलो घटना हुनेछ। यस विषयमा म बुझेर अघि बढ्छु,' उनले भने।

मन्त्रालयका एक कर्मचारीले स्वास्थ्य मन्त्रालयकै टिप्पणीको आधारमा खरिद प्रक्रिया अघि बढाइएको तर खरिदको अन्तिम समयमा यस्तो निर्देशन आउनु दुखद रहेको गुनासो गरे। प्रदेशमा सरकार उथलपुथलको कारण समयमा खरिद गर्न नसकेको उनले बताए।

निर्देशनालयले यसै आर्थिक वर्षमा पोषणतर्फ राष्ट्रिय योजना आयोगबाट आएको ससर्ततर्फ ५ करोड रुपैयाँ खर्च गरेको छ। निर्देशनालयका निर्देशक न्यौपानेका अनुसार चालु आर्थिक वर्षमा २ करोड ४० लाख ८ वटै जिल्लामा संवाद, सडक नाटक, होडिङ बोर्ड कार्यक्रममा खर्च गरिएको छ। त्यस्तै, ३ करोड ६० लाख रुपैयाँको पोषण सामग्री खरिद प्रक्रिया अघि बढाइएको उनको भनाइ छ।

स्वास्थ्य निर्देशनालयले पोषण शीर्षकमा वर्षेनी करोडौं रुपैयाँको सामग्री खरिद तथा विभिन्न कार्यक्रम गर्ने गरेको छ। तर त्यसको प्रतिफल खासै नदेखिने गरेको गुनासो उत्तिकै छ। चालु आर्थिक वर्षमा पोषण शीर्षकमा छुट भुक्तानीको लागि ९७ करोड ६० लाख रुपैयाँ सरकारले विनियोजन गरेपछि चौतर्फी विरोध भएको थियो।




# गोलबजार नगरपालिकाको १५ औं नगरसभा सम्पन्न, साडे ७५ करोड बार्षिक बजेट प्रस्ताव




अपन दैनिक संवाददाता
सिरहा, असार १० गते

सिरहाको गोलबजार नगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४को लागि ७५ करोड ५६ लाख ८६ हजार बराबरको बार्षिक बजेट प्रस्तुत गरेको छ। बुधबार सम्पन्न १५ औं नगर अधिवेशनमा नगर उपप्रमुख मानती कुमारी साहले चालुतर्फ ५६ करोड २१ लाख ८६ हजार तथा पूँजीगततर्फ १९ करोड ३५ लाख रुपैयाको विनियोजित बजेट प्रस्ताव प्रस्तुत गरेको हो।

बजेट कार्यान्वनयका लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँड, आन्तरिक आय तथा गत आर्थिक वर्षको मौज्दात (आल्या)सहित विभिन्न स्रोतबाट आवश्यक वित्तीय व्यवस्थापन गरिने व्यवस्था गरिएको उल्लेख गरेको छ।

नगर अधिवेशनमा नगरप्रमुख श्यामकुमार श्रेष्ठले वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दै अबको बजेटमा शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई विशेष जोड दिने बताए। उनले भने, 'यो पटकको बजेटले विशेष गरेर शिक्षा, स्वास्थ्य र कृषिक्षेत्रलाई प्राथमिकतामा राखेर आउँछ। हामीले त्यहि अनुसारको नीति, कार्यक्रम तथा बजेट विनियोजन हुने छ।'

नगर अधिवेशनका प्रमुख अतिथी शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले अधिवेशन सफलताको शुभकामना व्यक्त गर्दै जनप्रतिनिधीहरुको मुख्य काम नीति तथा कार्यक्रम निर्माण गर्ने भएको बताए। उनले त्यसको सफल कार्यान्वयन कर्मचारीले गर्नुर्नेमा जोड दिए। उनलेभने, 'जनप्रतिनिधीको मुख्य काम भनेकै नीति तथा कार्यक्रम बनाउने हो, यसको कार्यान्वयनको जिम्मा कर्मचारीको हो, अब कर्मचारीले तदारुक्ता र इमान्दारिताकासाथ काम गर्नु पर्छ।'

सोही क्रममा उनले प्रदेशको नयाँ निती कार्यक्रम र बजेले जिल्लाको शिक्षा र धर्म साँस्कृतिक विकासमा महत्वपूर्ण योगदान गर्ने बताए। उनले भने, 'यो बजेटले सिरहाका सवै विद्यालय, मठ, मन्दिर, गुम्बा र मदरसाहरुमा कुनै न कुनै प्रकारले योगदान गर्ने छ। हामीले त्यहि अनुसार नीति, कार्यक्रम तथा बजेट विनियोजन गरेका छौं।'

अंग्रजी माध्यमबाट कक्षा संचालन गर्ने प्रदेशका आठवटै जिल्लाका ५-५ वटा विद्यालयहरुलाई अनुदानको प्रमन्ध गरेको मन्त्री सिंहले बताए।

सोही क्रममा जिल्ला समन्वय समितिका उपप्रमुख दिलिप लामाले स्वास्थ्यको क्षेत्रमा गोलबजार नगरपालिकाले विशेष काम गर्नु पर्नेमा जोड दिए। उनले भने, 'गोलबजार नगरपालिकामा सरकारी स्तरको २४ घण्टा चल्ने अस्पताल छैन। यहाँको सर्वसाधारण जनताले सहज उपचार गर्न पाउने गरी एउटा अस्पताल बनाउनु पर्छ।'

नगर अधिवेशनमा दलिय प्रतिनिधीहरुले शिक्षा, स्वास्थ्य, कृषि र शुद्ध पीउने पानीको दिगो प्रवन्ध गर्नुपर्नेमा जोड दिए। उनीहरुले सिंचाई र पिउने पानीको नाममा नगर र वडाले वर्षेनी करोडौं रुपैयाँ खर्च गरेपनि त्यसले उचित प्रतिफल दिन नसकेको भन्दै दिगो विकासको लागि पहल लिन आग्रह गरे।

नगर अधिवेशनमा राष्ट्रिय स्वतन्त्र पार्टीका बिरेन्द्र सिंह, नेपाली कांग्रेसका राजदेव साह (लालबाबु), नेकपा एमालेका राजकिश्वर महतो, नेपाली कम्युनिष्ट पार्टीका जीवन यादव, श्रम संस्कृति पार्टीका दिप लामा, राप्रपाका उद्धव अधिकारी, गोलबजार उद्योग वाणिज्य संघका अध्यक्ष विजय साह, स्थानीय व्यसायी चन्द्रनारायण यादवलगायतले शुभकामना मन्तव्य व्यक्त गरेक थिए।

मेयर श्यामकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न नगरसभामा स्वागत प्रमुख प्रशासकीय अधिकृत रुपनारायण खतिवडा र कार्यक्रमको सञ्चालन वडा नम्बर ६ का वडाअध्यक्ष तथा नगरप्रवक्ता सत्रित लामाले गरेका थिए।

# १४ गाउँपालिकाले ल्याएनन् समयसीमाभित्र बजेट, अध्यक्षको अस्वस्थतादेखि सहमति अभावसम्म




अपन दैनिक संवाददाता
सिरहा, असार १० गते

देशभरका अधिकांश गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट कानुनी समयसीमाभित्र गाउँसभामा पेस गरेका छन्।

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालले बुधबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार देशभर रहेका ४ सय ६० गाउँपालिकामध्ये ४ सय ४६ वटा अर्थात् करिब ९७ प्रतिशत गाउँपालिकाले असार १० गतेभित्र नीति, कार्यक्रम तथा बजेट गाउँसभामा पेस गरेका छन्।

महासङ्घका अनुसार बाँकी १४ गाउँपालिकामा भने बजेट पेस हुन सकेको छैन। तीमध्ये ५ वटा गाउँपालिकाले नीति तथा कार्यक्रम सभामा प्रस्तुत गरिसके पनि बजेट भने अझै पेस गर्न बाँकी रहेको जानकारी प्राप्त भएको महासङ्घका कार्यकारी निर्देशक राजेन्द्रप्रसाद प्याकुरेलले जानकारी दिए।

बजेट पेस गर्न नसकेका गाउँपालिकाहरूमा तयारी नपुग्नु, अध्यक्ष अस्वस्थ हुनु, अध्यक्षका परिवारका सदस्य बिरामी भई जिल्ला बाहिर रहनु, प्रमुख प्रशासकीय अधिकृतको सरुवा हुनु तथा बजेट निर्माणमा सहमति जुट्न नसक्नु लगायतका कारण देखिएको महासङ्घले जनाएको छ।

यद्यपि बजेट पेस हुन नसकेका गाउँपालिकाहरूले केही दिनभित्रै गाउँसभा आह्वान गरी नीति तथा कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने जानकारी प्राप्त भएको महासङ्घले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार स्थानीय तहहरूले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट असार १० गतेभित्र सम्बन्धित गाउँ वा नगरसभामा पेस गरिसक्नुपर्ने व्यवस्था छ।

## मधेशमा आँपको उत्पादन ............

उत्पादन भएको तथ्याङ्क छ।

मधेश प्रदेशमा मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादन हुन्छ। यहाँ उत्पादन भएका आँप प्रदेशभित्रका जिल्लाको साथै काठमाडौं उपत्यका र देशका अन्य प्रमुख बजारमा निर्यात हुँदै आएको छ।

उनका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

## रास्वपाले भनेजस्तो 'प्रदेशविहीन ..........

बनाउने लगायतका सुझाव दिएको थियो।

तर त्यसतर्फ ध्यान नपुग्दा नै जनतामा झन् प्रदेशप्रतिको गलत भाष्य बलियो बन्दै गएको बुझाइ देवकोटाको छ।

# कर्मचारी सरुवा निर्णय कार्यान्वयन नगर्न उच्च अदालत जनकपुरको अल्पकालीन आदेश

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार १० गते**

उच्च अदालत जनकपुरधाम, राजविराज इजलासले मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालयलाई कर्मचारी सरुवा निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ।

आर्थिक वर्षको अन्तिम मसान्त चलिरहेका बेला कार्यालय प्रमुख सरुवा गरेको विषयमा उच्च अदालत जनकपुर, राजविराज इजलासले यस्तो आदेश जारी गरेको हो।




सामाजिक विकास इकाई सप्तरीका कार्यालय प्रमुख अनिलकुमार यादवले दायर गरेको रिट निवेदनमा न्यायाधीश पुष्पशिला दवाडी घिमिरेको एकल इजलासले मन्त्रालय र सम्बन्धित पक्षका नाममा कारण देखाऊ आदेश जारी गर्दै निर्णय कार्यान्वयनमा ब्रेक लगाएको हो।

अदालतले विपक्षीहरूलाई निवेदनमा माग गरिएबमोजिम आदेश किन जारी हुनु नपर्ने हो भन्ने आधार, कारण र प्रमाणसहित १५ दिनभित्र मुख्यन्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको छ।

निवेदकले माग गरेको अन्तरिम आदेशसम्बन्धी विषयमा थप छलफल आवश्यक रहेको भन्दै अदालतले दुवै पक्षलाई आगामी २०८३ असार १६ गते छलफलका लागि उपस्थित हुन आदेश दिएको छ।

अदालतले सो अवधिसम्म सरुवाको निर्णय कार्यान्वयन नगर्न साथै निवेदकले हालसम्म बहन गर्दै आएको जिम्मेवारी अनुसारको कामकाजमा कुनै बाधाअवरोध सिर्जना नगर्न विपक्षीहरूलाई निर्देशनसमेत दिएको छ।

सप्तरी सदरमुकाम राजविराजस्थित सामाजिक विकास इकाइका प्रमुख अनिलकुमार यादवको सरुवा गरिएपछि उनी उनी उच्च अदालतमा रिट दायर गरेका थिए।

मन्त्रीस्तरीय निर्णय भन्दै मन्त्रालयका निमित्त प्रदेश सचिव सुशीलकुमार साह तेलीले २०८३ असार ५ मा चलानी नम्बर ७३१ मार्फत पठाएको पत्र अनुसार कार्यालय प्रमुख यादवलाई मन्त्रालयमा काज फिर्ता बोलाइएको थियो।

आर्थिक वर्षको अन्तिम समयमा कर्मचारी सरुवा र फिर्ता बोलाउने कार्यले एकातर्फ सेवा प्रवाह प्रभावित भएको र इच्छाअनुसारका कर्मचारी पठाउने चलखेल भएको आरोप समेत लाग्न थालेको छ।

आइतबार बसेको प्रदेश सभाको बैठकमा समेत मधेश प्रदेशका सांसद तथा पूर्व अर्थमन्त्री महेशप्रसाद यादवले आर्थिक वर्षको अन्तिम समयमा भइरहेको कर्मचारी सरुवाप्रति आपत्ति जनाएका थिए। उनले आपति जनाउँदै आफू अनुकूलका कर्मचारी पठाउने तथा आर्थिक लाभको चलखेल गर्न यस्ता कर्मचारी सरुवा र काजफिर्ता गर्ने गरिएको आरोप लगाएका थिए।

# निर्वाचनमा जित्नेको भन्दा हार्नेको खर्च धेरै !




**अपन दैनिक संवाददाता**
**सिरहा, असार १० गते**

निर्वाचन पर्यवेक्षण समिति (इओसी) नेपालले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारको प्रचार खर्चसम्बन्धी अध्ययन प्रतिवेदन आज सार्वजनिक गरेको छ। प्रतिवेदनले जित्नेले भन्दा हार्ने उम्मेदवारले बढी खर्च गरेको पाइएको जनाएको छ।

सो संस्थाले मुलुकभरका १६५ क्षेत्रमध्ये छानिएका १० निर्वाचन क्षेत्रका तीन हजार ४०६ उम्मेदवारमध्ये १४४ नमुना उम्मेदवारको खर्चको विश्लेषण गरेको हो। इओसी नेपालका अध्यक्ष श्रीकृष्ण सुवेदीका अनुसार विजयी उम्मेदवारले निर्वाचन प्रचारप्रसारमा औसत रु ८८ लाख र उपविजेताले त्यसको लगभग तीन गुणा बढी, औसत रु दुई करोड ८३ लाख खर्च गरेका पाइएको छ। निर्वाचन खर्चको करिब ६७ प्रतिशत रकम पराजित उम्मेदवारले खर्च गरेका छन्।

नतिजाले स्रोत व्यवस्थापनमा गम्भीर असन्तुलन रहेको देखाएको छ। निर्वाचन आयोगले प्रत्यक्ष निर्वाचन प्रणालीका उम्मेदवारका लागि रु २५ देखि ३३ लाखसम्म खर्चको सीमा तोकेकोमा, औसतमा उम्मेदवारले रु ७२ लाख अर्थात् कानुनी सीमाभन्दा ११८ प्रतिशत बढी खर्च गरेको पाइएको छ।

"उम्मेदवारले खर्च देखिने ब्यानर, ऱ्याली, कोणसभा, भोजभतेर आदिको साटो नदेखिने च्यानल (अदृश्य तर प्रभावशाली सूचना तथा सञ्चार प्रणाली, डिजिटल प्रचार, सामाजिक सञ्जाल, अनौपचारिक परिचालन)तर्फ सरेको देखियो। जसले अनुगमनलाई थप कठिन बनाउँछ र बनाएको देखियो। मित्थ्या सूचना, दुष्प्रचार, चरित्रहत्याजस्ता प्रणालीगत दुष्प्रचार तथा प्रयोग रोकथाम तथा नियन्त्रणमा आवश्यक कानुनी प्रबन्धको अभाव देखियो", प्रतिवेदनमा भनिएको छ।

कूल खर्चको ८२ प्रतिशत प्रचार अभियान अवधिमा भएको र चार प्रतिशत खर्च निर्वाचनको दिन (प्रचार निषेधको अवधि)मै भएको देखिएको प्रतिवेदनले जनाएको छ।

उम्मेदवारको आम्दानीको स्रोत सार्वजनिक र अनिवार्यरूपमा खुलासा गरिनुपपर्ने, डिजिटल माध्यमबाट हुने आचारसंहिता उल्लङ्घन पत्ता लगाउन प्रविधिमैत्री अनुगमन प्रणाली विकास गरिनुपर्ने, खर्च विवरण पेस गर्ने हालको प्रक्रियाको सट्टा निर्वाचन आयोगले सक्रिय अनुगमन टोली परिचालन गरी आचारसंहिता उल्लङ्घकर्तालाई तत्काल कारबाही गर्ने व्यवस्था मिलाउनुपर्ने सुझावहरू दिइएको इओसीका अध्यक्ष सुवेदीले बताए।

यससैगरी छुट्टै बैंक खाताबाट खर्च गर्ने व्यवस्थालाई व्यावहारिक र सरल बनाइनुपर्ने, निर्वाचन प्रक्रियामा सार्वजनिक लेखापरीक्षणलाई सहायक संरचनाका रूपमा अनुमति दिइनुपर्ने प्रतिवेदनले सुझाव दिएको छ।

# गर्मीले विद्यार्थी कक्षाकोठामै मुर्छित, वीरगञ्जका सबै विद्यालय दुई दिन बिदा

**अपन दैनिक संवाददाता**
**वीरगन्ज, असार १० गते**

तराई-मधेशमा केहि सातायता गर्मी अत्याधिक बढ्दै गएपछि पर्साको वीरगन्ज महानगरपालिकाले विद्यालयहरु दुई दिनका लागि बन्द गर्ने निर्णय गरेको छ।



बढ्दो गर्मीका कारण बालबालिकाहरुको स्वास्थ्यमा प्रतिकूल प्रभाव परेको भन्दै वीरगन्ज महानगरपालिकाले असार ११ र १२ गते (बिहीबार र शुक्रबार) गरी दुई दिन महानगरमा रहेका सबै सामुदायिक र संस्थागत विद्यालयहरु बन्द गर्ने निर्णय गरेको हो।

बुधबार वीरगन्ज महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेलले सार्वजनिक सुचना जारी गर्दै हाल अत्याधिक बढेको गर्मीले विद्यार्थीहरुको स्वास्थ्यमा परेको प्रतिकुल प्रभावलाई मध्यनजर गर्दै असार ११ र १२ गते महानगरका सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयमा पठनपाठन स्थगित गरिएको जनाएका छन्।

गर्मी अत्याधिक बढेर विद्यार्थीहरु कक्षाकोठामै मुर्छित हुने अवस्था आएको भन्दै यहाँका अभिभावकहरुले विद्यालयहरुमा विदा दिनुपर्ने भन्दै सामाजिक सञ्जालमार्फत आवाज उठाउँदै आइरहेका थिए। पर्सा, बारालगायत मध्यतराईका जिल्लाहरुमा गर्मी अत्याधिक बढ्दा विशेष गरी बालबालिका, दैनिक ज्यालादारीमा काम गर्ने मजदुर, रिक्सा र ठेलाका चालक, गृहिणी महिलाहरु सबैभन्दा बढी समस्यामा परेका छन्।


- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका


## मासिक तलब निकासा नहुँदा शिक्षक ............

हुने थाहा हुँदाहुँदै पनि बैंकले दबाब दिने गरेको छ," उनले भने।

श्री जनता आधारभूत विद्यालयका प्रधानाध्यापक प्रमोदकुमार यादवले लहान नगरपालिकाले प्रधानाध्यापकहरूको बैठकमार्फत मासिक तलब निकासा गर्ने निर्णय गरे पनि हालसम्म कार्यान्वयन नभएको बताए।

सिरहा जिल्लाका १७ स्थानीय तहमध्ये नवराजपुर र अर्नमा गाउँपालिकाले भने शिक्षकहरूको मासिक तलब निकासा गर्दै आएका छन्। अर्नमा गाउँपालिका-२ स्थित श्री जनता माध्यमिक विद्यालयका प्रधानाध्यापक अनिलकुमार साहका अनुसार पालिकाअन्तर्गतका १३ वटै सामुदायिक विद्यालयका शिक्षकले नियमित रूपमा मासिक तलब प्राप्त गरिरहेका छन्।

"पाँच वर्षदेखि प्रत्येक महिनाको २५ गतेभित्र शिक्षकहरूको व्यक्तिगत बैंक खातामा तलब जम्मा हुने व्यवस्था छ," उनले भने, "प्रधानाध्यापकले महिनाको १५ गतेभित्र हाजिरी प्रमाणित गरेर पठाएपछि तलब निकासा हुने गरेको छ।"

आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले शिक्षकहरूको मासिक तलब निकासा गर्ने व्यवस्था मिलाइने घोषणा गरेका थिए। तर अधिकांश स्थानीय तहमा उक्त व्यवस्था अझै कार्यान्वयन हुन सकेको छैन।

यस विषयमा शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका प्रमुख तेजबहादुर खनालले बाँकी पालिकाहरूमा पनि मासिक तलब निकासाका लागि पहल गरिने बताए।

"सिरहाका दुई पालिकाले मासिक तलब निकासा गर्न सफल भइसकेका छन्," उनले भने, "बाँकी १५ पालिकामा पनि यो व्यवस्था लागू गराउन जिल्ला शिक्षा समितिको बैठकमा विषय उठाउने र सम्बन्धित पालिकासँग समन्वय गर्नेछु।"

यता, स्थायी शिक्षकहरूले चौमासिक तलब-भत्ता पाइरहे पनि लहान नगरपालिकाबाट नियुक्त स्वयंसेवक शिक्षकहरूले सात महिनादेखि तलब नपाएको गुनासो गरेका छन्। नगरपालिकाले 'एक कक्षा, एक शिक्षक' कार्यक्रमअन्तर्गत १२५ जना स्वयंसेवक शिक्षक नियुक्त गरेको छ।

शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका अनुसार जिल्लामा कक्षा १ देखि ५ सम्म करिब १,५००, कक्षा ६ देखि ८ सम्म ३००, कक्षा ९ र १० मा २७५ तथा कक्षा ११ र १२ मा ८० जना शिक्षक कार्यरत छन्।

शिक्षकहरूले मासिक तलब निकासाको व्यवस्था कार्यान्वयन भए आर्थिक व्यवस्थापन सहज हुने, बैंकिङ दायित्व समयमै पूरा गर्न सकिने तथा शिक्षण कार्यमा समेत सकारात्मक प्रभाव पर्ने बताएका छन्।

## प्रदेश सभा खारेज गर्ने रास्वपा प्रस्तावमा ..........

'प्रदेश खारेजी'को एजेन्डा लिनु चरम राजनीतिक बेइमानी हो।'

रास्वपाले भोट माग्ने बेला प्रदेशलाई बलियो बनाउने भनेको कुरा पनि उनले सम्झिएका छन्।

'भोट माग्ने बेलामा 'मधेशिया छौडा' बन्ने, कुर्ता गम्छा लगाउने, मधेशी भाषामा सम्बोधन गर्ने, प्रदेशलाई बलियो बनाउँछु र अधिकार माग्न काठमाडौं जानु पर्दैन भन्ने, अनि त्यही वाचाको आधारमा 'क्लीन स्वीप' गर्ने, देशभरिमा झण्डै दुई-तिहाइ बहुमत ल्याउने, तराइ-मधेशको २१ जिल्लाका ७८ सिटमध्ये ७४ सीट जित्ने अनि अहिले आएर प्रदेश सभा खारेज गर्ने एजेन्डा पारित गर्न लगाउनु राजनीतिक बेइमानी हो, जनतासँग धोखा हो, खोलो तर्यो लौरो बिर्सियो भन्ने उखानको चरितार्थ हो,' राउतले भनेका छन्।

रास्वपा वरिष्ठ नेता रहेका बालेन शाहले चुनावअघि जनकपुरमा भएको सभामा प्रदेशलाई बलियो बनाउने कुरा गरेका थिए। चुनावपछि बालेन प्रधानमन्त्री छन्।

'कसै-कसैले प्रदेश राख्ने तर प्रदेश सभा खारिज गर्ने भन्ने कुरा गरेको छ भने त्यो निरंकुश पञ्चायती व्यवस्थाको अञ्चल र विकास क्षेत्रवाला सोच हो।

बिना व्यवस्थापिकाको प्रदेश केवल प्रशासकीय इकाइ र कर्मचारीतन्त्र मात्रै हो, अहिलेको जिल्ला जस्तै हो। हुन त प्रस्तावमा प्रदेश सभा खारेजी नै भनिएको छ, तैपनि कसै-कसैले स्थानीय तहका प्रमुखहरू रहने गरी प्रदेश सभा राख्ने कुरा गर्छन् भने त्यो पनि सरासर गलत हो। प्रदेश प्रमुखहरू प्रत्यक्ष निर्वाचित कार्यकारी अधिकार प्राप्त जनप्रतिनिधि हुन् जसको कार्यबोझ आफ्नै निर्वाचित क्षेत्रमा व्यापक हुन्छ।

हामीले झन् व्यवस्थापिका संसदबाट कार्यपालिका सरकारमा मान्छे लग्नु हुँदैन (सांसदलाई कार्यकारी मन्त्री बनाउनु हुँदैन) भनिराख्दा यसरी व्यस्त कार्यपालिका प्रमुखलाई विधेयकहरूमाथि छलफल गर्ने, ऐन-कानून बनाउने व्यवस्थापिकाको बोझ दिनु सर्वथा अनुचित हुन्छ,' उनले भनेका छन्।


लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल*



**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं।
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं।
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं।
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं।
- खोक्दा वा हाच्छ्यूँ गर्दा मुख-नाक छोपौं।
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं।
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं।

**स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं**
**चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**